# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### कुरिनटार, चितवन

## E-Bidding आह्वानको सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७७/१२/२०*

**यस इच्छाकामना गाउँपालिका कार्यालयको तपशिलमा उल्लेखित कार्यहरू E-Bidding माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स, बिकेता तथा व्यवसायीहिरूबाट निम्न शर्तको अधीनमा रही रीतपूर्वकको E-Bidding आह्वान गरिएको छ।**

### तपशिल

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपि, निवेदनसहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनसम्ममा तपशिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egp मार्फत खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नु पर्ने छ। यसरी दर्ता हुन आएका बोलपत्रहरू सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोबल आइएमई बैंक लि. कुरिनटार, चितवनस्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेस गर्नुपर्ने छ।

५. बोलपत्र फारामवापतको दस्तुर ग्लोवल आइ.एम.ई. बैंक लि कुरिनटार, चितवनस्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको सचित कोष खाता नं. GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ। कार्यालय कोड-35-365-19

६. कालोसूचीमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ।

७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९. बोलपत्रदाताहरूले बढीमा तीनवटा फर्महरूको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेस गर्न सक्नेछन्। तर एक बोलपत्रदताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगतमध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

१२. सूचनामा उल्लेख नभएको कुराहरूका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानुनबमोजिम हुनेछन्।

१३. कामको विवरण निम्नानुसारको छ।

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. रकम मू.अ.क./कन्टिन्जेन्सीबाहेक) | जमानत/कम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | SQ/IRM/ 01/077/078 | आ व २०७७/०७८ को लागि आवश्यक औषधि तथा सर्जिकल जन्य सामानहरू खरिद | ९,४९,७४८/२० | २५,६४३/२० | १०००/०० | बोलपत्र |

– प्रमुख प्रशासकीय अधिकृत